पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ ९ गते बुधबार ❑ 22 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## अस्पताल अध्यक्षमा राजनीतिक नियुक्तिको परम्परा तोडियो

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले आफू मातहतका अस्पतालको व्यवस्थापन समितिको अध्यक्षमा सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुखलाई नियुक्त गरेको छ।

समितिको संरचनागत सुधारका लागि प्रदेश सरकारले गत वर्ष जारी गरेको अस्पताल व्यवस्थापन समिति गठन आदेश-२०८० अनुसार नयाँ समितिहरू गठन भएका हुन् । यसअघि सरकारमा रहेका दल निकटका व्यक्ति समितिको पदाधिकारी र सदस्यमा नियुक्त हुँदै आएका थिए । मुस्ताङ, तनहुँ र बागलुङमा जिसस प्रमुखको अध्यक्षतामा समिति गठन भइसकेको स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले जानकारी दिनुभयो।

"नयाँ गठन आदेशअनुसार बनेका समितिले अस्पताल सुधारमा तटस्थ र प्रभावकारी ढङ्गले काम गर्नेछन्", उहाँले भन्नुभयो, "यसले राजनीतिक आधारमा हुने नियुक्तिको प्रक्रियालाई ताडेको छ।" पुरानो समितिको कार्यकाल सकिनासाथ प्रदेश सरकार मातहतका अन्य अस्पतालहरूको व्यवस्थापन समिति पनि नयाँ प्रावधानअनुसार गठन हुने मन्त्री पाठकले बताउनुभयो। नवगठित समितिमा जिसस प्रमुखको अध्यक्षतामा सात सदस्य रहने व्यवस्था छ । समितिको सदस्यमा अस्पताल रहेको सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, प्रमुख कोष तथा लेखा नियन्त्रक, उद्योग वाणिज्य सङ्घको अध्यक्ष र सामाजिक क्षेत्रमा क्रियाशील स्नातक उत्तीर्ण एक महिला रहने व्यवस्था छ।

समितिको सदस्य सचिवमा अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट रहने छन्। अस्पताल व्यवस्थापन समितिलाई चुस्त र प्रभावकारी बनाउन संरचनागत सुधार थालिएको मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले बताउनुभयो । अस्पतालका मेडिकल सुपरिटेन्डन्टलगायत सरोकार भएका पक्षको सुझावका आधारमा प्रदेश सरकारले नयाँ गठन आदेश जारी गरेको थियो।

यसअघि गठित कतिपय समितिका पदाधिकारी र सदस्यको मर्यादाक्रममा देखिएको असहजताले समितिको बैठक बस्नसमेत नसक्ने स्थिति देखिएको थियो । जिसस प्रमुख अस्पतालको अध्यक्ष हुँदा जिल्लाका अरू निकायसँग समन्वय गर्न पनि सहज हुने र मर्यादाक्रमको समस्या पनि हट्ने जनाइएको छ । अस्पताल व्यवस्थापन समितिमा अहिले रहेका पदाधिकारी/सदस्यलाई लक्षित गरेर नभई अस्पतालको दीर्घकालीन हित गरेर सरकारले समिति गठनको नयाँ प्रावधान ल्याएको मन्त्री पाठकले बताउनुभयो।

प्रदेश सरकारअन्तर्गतका अस्पतालबाट प्रवाह हुने सेवाको व्यवस्थापन तथा अस्पतालको सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन समिति गठन हुने सो आदेशमा उल्लेख छ । गण्डकी प्रदेश विकास समिति ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरेर सरकारले गठन आदेश जारी गरेको थियो। सोही गठन आदेशअनुसार बनेको बागलुङस्थित धौलागिरि प्रादेशिकअस्पतालकोव्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूले मङ्गलबार पदभार ग्रहण गरेका छन्।

नवगठित समितिका अध्यक्ष एवं जिसस प्रमुख अम्मरबहादुर थापाले अस्पतालको सेवा विस्तारलगायत व्यवस्थापकीय पक्षमा प्रतिबद्ध भएर काम गर्ने बताउनुभयो। समितिको सदस्यमा बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद सुवेदी, उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेललगायत रहनुभएको छ। उक्त पदस्थापन कार्यक्रममा मन्त्री पाठकले एउटै जिल्लामा एकभन्दा धेरै अस्पताल रहेको खण्डमा छुट्टै गठन आदेशबाट समिति बन्ने बताउनुभयो।

## विकास र समृद्धिले मात्र जनताका अधिकार स्थापित गर्न सकिन्छ : डा भट्टराई

**पोखरापत्र संवाददाता**
गोरखा, ८ माघ



नेपाल समाजवादी पार्टी (नयाँशक्ति) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले विकास र समृद्धिले मात्र संविधानमा उल्लेखित जनताका अधिकार स्थापित गर्न सकिने बताउनुभएको छ।

गोरखा सदरमुकाममा मंगलबार आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधान लेखिएका अधिकार अहिले कागजमा मात्र सिमित रहेको टिप्पणी गर्नुभयो।

"राजनीतिक परिवर्तनले अहिलेको बोल्न र लेख्न त पाइएको छ", डा भट्टराईले भन्नुभयो, "संविधानमा सबैका अधिकार त लेखिएका छन्, तर लेखेर मात्र भएन यसलाई जनताले व्यवहारमा उपभोग गर्नका लागि विकास र समृद्धि नै चाहिन्छ।"

अबको राजनीति देशलाई कसरी छिटो समृद्धितर्फ लिएर जाने भन्नेमा केन्द्रित हुनुपर्नेमा उहाँको जोड थियो। "राजनीति भनेको गतिशील हुन्छ यसलाई बुझेर अघि बढ्न सक्नुपर्छ", डा भट्टराईले भन्नुभयो, "२००७ साल, ०४७ साल, ०६२/०६३ सालको राजनीतिले मात्र अब हुँदैन, अहिले ०८१ साल आइसक्यो।"

सत्तादेखि सत्तासम्मको राजनीतिले मात्र विकास र समृद्धि सम्भव नहुने उहाँको भनाइ छ। "अबको विकास समृद्धिका लागि हिजोको राजनीतिक बाटोबाट मात्र सम्भव छैन", पूर्वप्रधानमन्त्री डा भट्टराईले भन्नुभयो, "सत्तादेखि सत्तासम्मका लागि चुनाव लडेरमात्र देशको विकास र समृद्धि हुँदैन।" राजनीति सबै नीतिको मूल नीति भएकाले अहिले धमलिएमा राजनीतिको मूल नीति सफा गर्नुपर्ने बेला आएको उहाँले बताउनुभयो।

## यो सरकार स्थायित्वका लागि हो : उपप्रधानमन्त्री सिंह

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ माघ

उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले वर्तमान सरकार स्थायित्व र नागरिकको पक्षमा काम गर्न बनेको बताउनुभएको छ।




नेपाली कांग्रेस बागलुङले मंगलबार आयोजना गरेको कार्यकर्ता भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै यसभन्दा अगाडि बनेका धेरै सरकार अस्थितर बन्दा नागरिकमा निराशा बढेको भन्दै अहिले दुई ठूला दल मिलेर यो सरकार गठन भएको मन्त्री सिंहले स्पष्ट पार्नुभयो।

सरकार गठन गर्दा भएको सात बुँदे सम्झौत अनुसारनै अगाडि बढेको भन्दै नागरिकमा भरोसा जगाउने गरी सरकारले काम गरिरहेको उहाँको भनाइ छ। राजनीतिक स्थिरता र आर्थिक विकासका लागि सरकार गम्भीर भएर लागेको मन्त्री सिंहले बताउनुभयो । उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "यस अगाडि बनेका सरकार धेरै समय टिकेनन्, छिनछिनमा परिवर्तन भए, जनताले पनि आवाज उठाउन थाले, एउटा स्थितरता दिनका लागि दुई दल मिलेर सरकार गठन गर्यौं, त्यसमा अन्य पार्टीहरूले पनि साथ दिएका छन्, हामी नागरिकका समस्यालाई प्राथमितामा राखेर काम गर्न थालेका छौं।" देशमा सङ्कट पर्दा कांग्रेसले निकास दिँदै आएको र पार्टीलाई बलियो बनाउन जनस्तरबाटै लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। पार्टीका हरेक कार्यकर्ताले सङ्गठनलाई मजबुत बनाउनुपर्ने भन्दै नागरिकका समस्या समाधानमा समन्वयात्मक भूमिका खेल्नुपर्ने उप्रधानमन्त्री सिंहले बताउनुभयो।

## मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ८ माघ

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ बेलभन्ज्याङमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दमौलीबाट डुम्रेतर्फ जाँदै गरेको गण्डकी प्रदेश०३-००१प०३१० नम्बरको मोटरसाइकल मंगलबार बिहान अनियन्त्रित भई सडकबाट खस्दा सवार दुई जनाको घटनास्थलमा नै मृत्यु भएको हो।

मृत्यु हुनेको पहिचान खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो । "हुस्सु लागेका कारण मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको देखिएको छ", उहाँले भन्नुभयो।

## 'अध्यादेशले निजी क्षेत्र उत्साही भएको छ'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ माघ

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले हालै ल्याएको अध्यादेशले निजी क्षेत्रलाई उत्साही बनाएको बताउनुभएको छ। बेनीमा मंगलबार आठौं म्याग्दी महोत्सव, माघे सङ्क्रान्ति, प्रदेशस्तरीय कृषि, पर्यटन, औँद्योगिक, व्यापारिक मेलाको समापन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले अध्यादेशबाट भएको कानुन परिवर्तनबाट निजी क्षेत्र उत्साही भएको बताउनुभएको हो।

गत पुस अन्तिम हप्ताको मन्त्रिपरिषद्को बैठकको निर्णयअनुसार राष्ट्रपति समक्ष सिफारिस गरेको सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व, निजीकरण र आर्थिक तथा व्यावसायिक वातावरण सुधार, लगानी अभिवृद्धि र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी भएको थियो। "सरकारको तर्फबाट भएको कानुनको परिवर्तनले निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरेको छ," अध्यक्ष ढकालले भन्नुभयो, "निजी क्षेत्रको सकारात्मक सुझावलाई सरकारले ग्रहण गरेर छोटो समयमै कानुन परिवर्तन गरेर लगानी र सुरक्षाको वातावरण भएको सन्देश दिएको छ।" नेपाल उद्योग वाणिज्य सङ्घको अगुवाइमा प्रस्तावित कानुन निर्माणका क्रममा निजी क्षेत्रलाई अख्तियार दुरूपयोग अनुसन्धान

बाँकी अन्तिम पृष्ठमा ▶▶




सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पहिलोपटक टाइगर कपमा आयोजक टोली, ३ विदेशी खेलाडी

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ

एनसेल पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल प्रतियोगितामा आयोजकले पहिलोपटक टोली सहभागी बनाउँदैछ।

पाँचौं संस्करणमा आइपुदा आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालले पहिलोपटक आयोजक महिला टोलीले सहभागी बनाउन लागेको हो।

आयोजक टोलीको नेतृत्व राष्ट्रिय भलिबल टोलीकी कप्तान अरुणा शाहीले गर्ने छिन्। अरुणा नेपाली भलिबलकै सर्वाधिक सफल कप्तान हुन्। एक दशकदेखि राष्ट्रिय टोलीमा रहेकी अरुणाले सन् २०१९ देखि राष्ट्रिय टोलीको नेतृत्व गर्दै आएकी छन्। टोलीको प्रशिक्षकको रुपमा अर्जुन घिमिरे रहनेछन्। उनले गत असोजमा भएको एभरेष्ट महिला भलिबल लिगमा चितवन शक्तिको प्रशिक्षकको जिम्मेवारी निर्वाह गरेका थिए। उनकै प्रशिक्षणमा एभरेष्ट भलिबल क्लबले पहिलो पटक एनभिए महिला भलिबलको उपाधि जितेको थियो।

प्रशिक्षक घिमिरेले टोलीमा तीन विदेशी खेलाडी अनुबन्ध गरेका छन्। अनुबन्ध हुनेमा थाइल्याण्डका जान्तिमा नोराथात, नान्तिकान टुनिपो र अम्फा सोमसुरात छन्। अम्फा मिडल ब्लकर हुन् भने जान्तिमा र नान्तिकान आउट साइड हिटर हुन्। तिनै जना खेलाडी थाइल्यान्डमा जारी लिग खेलेका टोलीका खेलाडी रहेको टोलीका प्रशिक्षक अर्जुन घिमिरेले जानकारी दिए। 'उहाँहरु थाइल्यान्डको लिग खेलेका टिमका खेलाडी हुनुहुन्छ। लिगको टप-८ बाट बाहिरिएको टोलीका सदस्य हुनुहुन्छ। उहाँहरुको खेल हेरेको राम्रै छ,' उनले भने। टोलीमा तीन विदेशीसहित राष्ट्रिय यु-२० टोलीबाट खेलेका ४ खेलाडी समावेश छन्। गत साउनमा भएको काभा यू-२० महिला भलिबलमा नेपालको कप्तानी गरेकी मिना सुनारसहित निशा चौधरी, अनुषा चौधरी र आरती चौधरी टाइगर कपमा आयोजकको टोलीमा छन्। यसबाहेक गण्डकी प्रदेशबाट खेलिरहेका खेलाडीलाई टोलीमा समावेश गरिएको प्रशिक्षक घिमिरेले बताए।

प्रशिक्षक घिमिरेकाअनुसार विदेशी खेलाडीसँगै टोलीको प्रशिक्षण गर्न एक दिनमात्रै हुनेछ। 'उहाँहरुसँगै टेनिङ गर्न एक दिन मात्रै हुने हो। इन्डिभिजन सबै राम्रो छ। टिम कम्बिनेशनको डर हो,' उनले भने, 'कसरी हुन्छ विजयी हुनुपर्छ भन्ने हाम्रो लक्ष्य हो। टिम कम्बिनेशन मिल्यो भने उपाधि जित्छौं।'

व्यक्तिगत रुपमा अहिले पनि खेलाडीले टेनिङ गरिरहेको प्रशिक्षक घिमिरेले बताए। माघ १२ देखि १९ गतेसम्म पोखरा रंगशालास्थित भलिबल कोर्टमा हुने उक्त प्रतियोगितामा महिलातर्फ आयोजकसहित एक विदेशी गरी ६ टोलीले सहभागिता जनाएका छन्। आयोजकका अनुसार विभागीय टोलीबाहेक अन्य टोली पनि विदेशी खेलाडी अनुबन्ध गर्ने छन्। पुरुषतर्फ पनि एक विदेशीसहित ६ टोली सहभागी भएका छन्।

प्रतियोगितामा पुरुष तथा महिला दुवैतर्फको विजेताले ५ लाख ८५ हजार ५५५ रुपैयाँ पाउनेछन्। उपविजेतालाई समान २ लाख ८५ हजार ५५५ र तृतीय हुने टोलीले १ लाख ८५ हजार ५५५ रुपैयाँ पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले समान २५ हजार ७७७ रुपैयाँ प्राप्त गर्नेछन्। विधागततर्फ उत्कृष्ट हुनेलाई समान १० हजार ५५५ रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाइने

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ

गण्डकी प्रदेश सरकारले प्रदेशमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने भएको छ। गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री बिन्दुकुमार थापाले प्रदेश सरकारले दुई भाषालाई सरकारी कामकाजको भाषा बनाउन प्रक्रिया अघि बढेको जानकारी दिनुभयो।

मन्त्रालयले आइतबार दमौलीमा गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने सन्दर्भमा सुझाव सङ्कलन गरेको छ। सरकारले मगर भाषा र गुरुङ भाषालाई प्रदेश सरकारी कामकाजको भाषा बनाउन विधेयक तयार गरेको छ। सोही विधेयकमा टेकेर प्रदेशका विभिन्न जिल्लामा पुगेर सुझाव सङ्कलन गरिएको मन्त्री थापाले बताउनुभयो। गण्डकी प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मगर र गुरुङ भाषाको संरक्षण, संवर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गर्न खोजिएको मन्त्री थापाको भनाइ छ।

भाषा आयोग काठमाडौँले प्रदेशगत सरकारी कामकाजको भाषा निर्धारणका आधारहरू पूरा गर्ने अवस्थामा रहेका मगर र गुरुङ भाषालाई प्रदेशका सरकारी कामकाजका भाषाका रूपमा कार्यान्वयन गर्न सिफारिस गरेको मन्त्री थापाले बताउनुभयो।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको प्रस्तावमा गण्डकी प्रदेश सरकारले गत साउन २२ गतेको निर्णयबमोजिम उक्त विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्राप्त भई मस्यौदा निर्माण प्रक्रियामा रहेको उहाँले जानकारी दिनुभयो। आगामी हिउँदे अधिवेशनबाट संसद्‌मा टेबुल गर्ने सरकारको योजना छ। गण्डकी प्रदेशमा मगर समुदायको बसोबास १८ दशमलव ८ प्रतिशत र गुरुङ समुदायको ११ प्रतिशत छ। गण्डकी प्रदेशभित्र मगर दोस्रो र गुरुङ चौथो ठूलो समुदायको रूपमा छ।

# कांग्रेस-एमालेको सरकार बनेपछि विकासले लय समातेको छ : उपमहासचिव ज्ञवाली

पोखरापत्र संवाददाता
लमजुङ, ८ माघ



नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव प्रदीपकुमार ज्ञवालीले दुई ठुला दल कांग्रेस र एमालेको सरकार बनेपछि मुलकमा विकासले लय लिन थालेको बताउनुभएको छ।

एमाले लमजुङद्वारा आज बेँसीसहर नगरपालिका-८ स्थित मदन आश्रित भवनमा आयोजित तीन दिने प्रशिक्षक प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै उपमहासचिव ज्ञवालीले वर्तमान सरकार बनेपछि अर्थतन्त्र, सुशासन, पूर्वाधार, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रले गति लिनथालेको बताउनुभयो। सुशासन र प्रभावकारी सेवाका लागि कानुन बनेकाले सहकारी पीडितले समेत राहत पाउन थालेका उहाँको भनाइ थियो। "अधिकार सम्पन्न सहकारी प्राधिकरण बनेको छ", उहाँले भन्नुभयो। मुलुकमा देखिएको सङ्कट समाधान गर्न दुई ठुला दल एक ठाउँमा आएका उल्लेख गर्दै उपमहासचिव ज्ञवालीले कांग्रेस र एमालेबीच विशेष सहमति बनेको बताउनुभयो। सरकारलाई घेराबन्दीमा पार्न विभिन्न चलखेल सुरु भए त्यसले कुनै असर नपार्ने उहाँको भनाइ थियो। "कांग्रेस र एमाले प्रमुख प्रतिस्पर्धी दल मात्र नभएर एकअर्काका सहयात्री भएकाले मुलुक सञ्चालन गर्न दुवै दल गम्भीर छन्", उपमहासचिव ज्ञवालीले भन्नुभयो। वर्तमान सरकारलाई बलियो बनाएर अघि बढ्दै एमालेलाई एक नम्बरको राष्ट्रिय शक्ति बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो। मुलुकमा तत्काल देखिएका समस्या समाधान गर्न अध्यादेश ल्याएको र यसको सरकारको आयुसँग कुनै सम्बन्ध नरहेको उपमहासचिव ज्ञवालीले स्पष्ट पार्नुभयो।

# पुम्दिकोटमा धार्मिक महोत्सव हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ

पुम्दिकोट कोट विकास समितिको आयोजनामा पोखरा २२ पुम्दिकोटमा श्री शिव महापुराण ज्ञान महायज्ञ एवम् पुम्दिकोट धार्मिक महोत्सव २०८१ हुने भएको छ।

समृद्धि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने मुल नाराका साथ कैलाशधाम निर्माण परिकल्पना गर्दै धार्मिक महोत्सवको आयोजना गरिएको आयोजक पुम्दिकोट कोट विकास समितिले जनाएको छ। महोत्सव आगामी फाल्गुन ९ गतेदेखि १५ गतेसम्म चल्नेछ। यस अघि पुम्दिकोटमा वि स २०७३ र ०७९ सालमा धार्मिक महोत्सव सम्पन्न भइसकेका छन्। पर्यटकीय राजधानी पोखरा आउने पर्यटकको बसाई एक दिन लम्ब्याउने उद्देश्य अनुरुप साफ्कको समयमा विशाल शिवको मुर्तिलाइ पर्दा बनाइ लेजर लाइट मार्फत शिवलिला प्रदर्शन गर्ने, कैलाश पर्वतदेखी सुमेरु पर्वतसम्म पहुँच विस्तार गर्न सिसाको पुल निर्माण गर्ने, हरियाली उद्यान, अन्तराष्ट्रय ध्यान केन्द्रमा इको साउन्ड नियन्त्रण गर्ने जस्ता रणनैतिक लक्ष्य महोत्सवले राखेको छ भने



समाजमा बिग्रदै गएको मानसिक स्वास्थ्यलाइ आध्यात्मिक जागरण मार्फत हाम्रो मन,चित्त शुद्धीकरण गर्ने र सनातन धर्मको संरक्षण गर्दै आकर्षक धार्मिक पर्यटकीय गन्तव्यका रुपमा पुम्दिकोट बनाउने मुल उद्देश्य सहित महोत्सवको आयोजना गरिएको हो।

महोत्सवमा दैनिक कथा वाचिका राधिका दासिबाट भागवतमन्जरी वाचन हुनेछ। महोत्सव अन्तर्गत फागुन ९ गते कलशयात्रा पुर्वाङ्ग पुजा एव आरम्भ गरिने छ भने नियमित दैनिक कार्यक्रम पनि रहनेछन्।

दैनिक विहान ७ देखि १० बजेसम्म नित्यपुजा, पाठपारायण र जप, बिहान साढे १० देखि दिउँसो ३ बजेसम्म भागवतमन्जरी, हरेक दिन बेलुका ५ बजे महाआरती, साँझ साढे ६ बजेदेखि ९ बजेसम्म महात्म्य तथा सास्कृतिक भाकी, फागुन १४ गते साँझ लाखबत्ती प्रज्वलन गरिनेछ भने १५ गते अपराह्न साढे ४ बजे हवन, पुर्णाहुति, अभिषेक, तिलक प्रसाद ग्रहण लगायतका कार्यक्रम हुने आयोजकले जनाएको छ। महोत्सवमा दान गर्ने दाताहरुलाइ दान रकमको आधारमा विगतका महायज्ञ सरह सम्मान गरिनेछ।

यसैबिच, पुम्दिकोट धार्मिक महोत्सवका लागि ११९० मुल आयोजक समिती गठन गरिएको छ। पुम्दिकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालको अध्यक्षतामा महोत्सव मुल आयोजक समिती गठन गरिएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै महागगर प्रमुख धनराज आचार्यले पालिकाको यो वडाभित्र पर्ने धार्मिक सरचना र कार्यक्रमको लागि आफुले पालिकाले लिनुपर्ने सबै जिम्मेवारी बहन गर्न तयार रहेको बताएका छन्। उनले यो धार्मिक सरचनालाई अझै बृहत् र आकर्षक बनाउदै लैजानुपर्ने आवश्यकता रहेको र त्यसको पहलकदमी आफुले लिने समेत प्रतिबद्धता व्यक्त गरे। मुल आयोजक समितिका अध्यक्ष चन्द्रकान्त बरालले हाम्रा पुर्वजहरुले बनाएका सिहदरबार जस्तै सरचना हाम्रो पालामा पनि बन्न जरुरि रहेको बताए। कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सासद प्रकाश बरालले पशुपतिनाथ पछाडी सबैभन्दा धेरै पर्यटक आउने यो धार्मिक स्थलमा पर्यटकीय आतिथ्यतामा पनि विशेष ध्यान दिन जरुरी रहेको बताए। त्यस्तै कार्यक्रममा बोल्दै पोखरा २२ का वडा अध्यक्ष हिमलाल बरालले पुम्दिकोट जाने बाटो एक तर्फी बनाउनुपर्ने सुझाव दिएका थिए। त्यस्तै कार्यक्रममा पुर्व वडा अध्यक्ष मित्रलाल बराल, पत्रकार महासंघ पुर्व केन्द्रिय सदस्य सुस्मा पौडेल, कास्की प्रहरी प्रमुख श्यामबाबु ओलिया लगायतको उपस्थिती रहेको थियो। कार्यक्रमको संचालन समितिका सल्लाहकार मातृका प्रसाद बरालले गरेका थिए।

# गण्डकी र बागमती प्रदेश राष्ट्रिय पुरुष बास्केटबलको फाइनलमा

पोखरापत्र संवाददाता
पोखरा, ८ माघ

घरेलु टोली गण्डकी प्रदेश र बागमती प्रदेश पोखरामा सञ्चालन भइरहेको 'पोखरा कप' राष्ट्रिय पुरुष बास्केटबल प्रतियोगिताको फाइनलमा पुगेका छन्। पोखरा रङ्गशालास्थित बास्केटबल कोर्टमा मंगलबार सम्पन्न सेमिफाइनलका आ-आफ्ना खेल जित्दै दुबै टोलीले उपाधि भिड्न्त पक्का गरेका हुन्। सेमिफाइनलमा गण्डकीले कर्णाली प्रदेशमाथि ११६-१९स्कोरले जित हासिल गरेको हो।

यता बागमतीले लुम्बिनीलाई ७८-३६ स्कोरले पराजित गर्दै उपाधि घरेलु टोली गण्डकीसँगको भेट पक्का गरेको छ। यस अघि लुम्बिनीले मधेश प्रदेशलाई सङघर्षपूर्ण खेलमा ७२-६९ को स्कोरले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको थियो।

प्रतियोगिता अन्तर्गत भोलि तेस्रो र फाइनल खेल हुने गण्डकी प्रदेश बास्केटबल सङ्घका अध्यक्ष धोजकुमार गुरुङले जानकारी दिनुभयो। प्रतियोगितामा उपाधि विजेता टिमलाई नगद रू एक लाख ११ हजार एक सय ११, उपविजेतालाई नगद रू ६६ हजार छ सय ६६ र तृतीय हुने टोलीलाई नगद रू ३३ हजार तीन सय ३३ का साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने प्रदेश खेलकुद परिषद्‌का उपाध्यक्षसमेत रहनुभएका सङ्घका अध्यक्ष गुरुङले बताउनुभयो।

# अध्यादेशले ...

आयोगको क्षेत्राधिकारभन्दा बाहिर राख्न सफल भएको पनि अध्यक्ष ढकालले बताउनुभयो। कोरोना महामारी, रूस र युक्रेनको युद्ध तथा नेपालका विद्यमान ऐन कानुनका कारण सङ्कुचनमा परेको आर्थिक क्षेत्रलाई चलायमान बनाउन निजी क्षेत्रको सुझाव अनुसार सरकारले अध्यादेश ल्याएको उहाँले प्रष्ट्याउनुभयो। म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले आर्थिक गतिविधिलाई चलायमान बनाउन, सम्भावनाको पहिचान, स्थानीय उत्पादनको बजारीकरण, पर्यटन प्रवर्द्धन, खेलकुद प्रतिभा पहिचान, कला र संस्कृतिको संरक्षणका लागि महोत्सव सफल भएको बताउनुभयो।

पुस २८ गतेदेखि सुरू भएको महोत्सवमा स्थानीय, औद्योगिक उत्पादनका दुई सय ३० वटा व्यापारिक स्टल थिए। खेलकुद, लोकदोहोरी गीत, मौलिक गीत र नृत्य, कृषि मेला प्रदर्शनी, कलाकारको गीत तथा नृत्य प्रस्तुति रहेको महोत्सवमा रू १० करोडको कारोबार भएको र एक लाख दर्शकले अवलोकन गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो।


चिसोको समयमा पिनासले सताउँछ
पिनास



☞ हाँछ्यू आइरहने
☞ नाकको एलर्जी
☞ नाक बन्द हुने
☞ टाउको दुख्ने
☞ टन्सिल भइरहने
नाकमा थोपा राखेर उपचार गरिन्छ।
पोखरा पिनास क्लिनिक
POKHARA SINUS CLINIC
पोखरा-१५, रामबजार, फोन: ०६१-४६४००८
मो. ९७६१२-२३१०७/९८५६०-२६७५०

चिसोमा हुने स्वास्थ्य समस्याबाट बचौं
◆ चिसोबाट् बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित हुने हुँदा उनिहरूको उचित स्याहार गरौं,
◆ चिसोमा बाहिर हिड्दा तातो र न्यानो कपडा लगाऔं,
◆ कोठामा हिटर वा आगो बाल्दा होसियारी अपनाऔं,
◆ चिसोबाट जोगिन दैनिक घाम ताप्ने गरौं,
◆ शारिरिक व्यायाम गरौं,
◆ जाडोबाट बच्ने नाममा धुम्रपान र मद्यमान नगरौं,
◆ रुघाखोकी, ज्वरो लगायतका स्वास्थ्य समस्या देखिएमा स्वास्थ्य परीक्षण गरौ र गराऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको शल्य उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १५ गते
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. बाथ तथा हाडजोनी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सांसदलाई कानुन निर्माणमा केन्द्रीत गराउ

प्रमुख प्रतिपक्षसहितका संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुले सङ्घीय संसद्को आउँदो हिउँदे अधिवेशनलाई कानुन निर्माणका हिसाबले अधिकतम उपलब्धिमूलक तुल्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलबाट संसद्को हिउँदे अधिवेशन आह्वान गरेका छन। सङ्घीय संसद्को अधिवेशन यही माघ १८ गते शुक्रबार अपराह्न १ बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा बस्नेछ। हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रुपमा लिइन्छ। राष्ट्रियसभामा चार र प्रतिनिधिसभामा १५ विधेयक विचाराधीन छन्। सङ्घीयता कार्यान्वयनसँग जोडिएका सङ्घीय निजामती, विद्यालय शिक्षा, प्रहरी समायोजनजस्ता महत्त्वपूर्ण विधेयक लामो समयदेखि सदनमा विचाराधीन छन्।

हिउँदे अधिवेशन विधेयक अधिवेशन हो। बढीभन्दा बढी विधेयक पारित गर्ने अधिवेशनका रुपमा यसलाई स्थापित गर्ने मौका छ। यसबिचमा भएका चार अधिवेशन कानुन निर्माणको दृष्टिकोणबाट फलदायी हुन नसकेको टिप्पणी भइरहेको छ। अबको अधिवेशनबाट नयाँ २० भन्दा बढी कानुन पारित गर्नेगरी काम गर्ने तयारी सत्तारुढ दलहरूको छ। राष्ट्रियसभामा चार र प्रतिनिधिसभामा १५ विधेयक विचाराधीन छन्। विधेयक पारित गर्ने सन्दर्भमा विगतको निराशाजनक स्थिति चिरेर ७० प्रतिशत प्रगति हासिल गर्ने लक्ष्य लिएको छ। संविधान कार्यान्वयनसँग सम्बन्धित कैयौँ कानुन निर्माण गर्नुपर्नेछ। यस अधिवेशनमा सरकारले बढीभन्दा बढी विधेयक सदनमा दिन सक्छ कि सक्दैनन् त्यसैमा परिक्षा हुनेछ। सदनले 'बिजनेस' पाएन भनी सांसदले सरकारसँग गुनासो गर्नुपर्ने अवस्था आउन दिनुहुँदैन। विगतको निराशाजनक अवस्थाको अन्त्य गर्नेगरी विधेयक ल्याउने तयारी सत्ताको छ। दुईवटा विधेयक संसद् सचिवालयमा दर्ता भइसकेका छन् भने अन्य विधेयक 'पाइपलाइन' मै छन्।

सृजनात्मक, रचनात्मक र बौद्धिक विमर्श हुने थलो संसदमा समग्र राष्ट्र र जनताको विषय, विकास निर्माण र संसदमार्फत सरकारलाई ध्यानाकर्षण गर्ने विषय बलशाली रुपमा अघि बढाउनुपर्छ। राष्ट्रिय महत्व र जनसरोकारका विषय तथा नीतिगत पक्षमा पनि बहस पैरवी हुनुपर्छ। संसदमा सांसदहरुले विषय राख्ने तर सरकारले नसुन्ने गुनासो। सदनमा सांसदहरूमार्फत मुखरित भएका जनसरोकार र राष्ट्रिय सरोकारका विषयलाई सरकारले गम्भीरताका साथ ग्रहण गरी सम्पत्तिका रुपमा लिएर अगाडि बढ्नुपर्छ। मौजुदा कानुनलाई समयानुकूल परिमार्जन र व्यवस्थित बनाएर कानुन निर्माण गर्न संसद् सफल भयो र जनसरोकारका विषय कार्यान्वयन गर्दै अघि बढेको सन्देश दिनेगरी काम भए जनतामा राम्रो सन्देश प्रवाह हुनेछ।

संसदीय प्रक्रियामा मन्त्रीको उपस्थिति मात्र नभई सम्बन्धित मन्त्रीले पनि अर्थपूर्ण भूमिका खेल्नुपर्छ। हरेक सांसदलाई संसदीय मामिला पहिलो प्राथमिकता हो। संसदीय प्रक्रियामा सहभागिता र भूमिकाका आधारमा कार्यसम्पादन मूल्याङ्कनको विषय बनाउन सके हरेक सांसद सदन चलेका बेलामा कानुन निर्माणमा मात्रै केन्द्रित हुनेछन्। संसद्को बैठक र प्रभावकारिताको जस तथा अपजसको भागेदार सत्तापक्ष र प्रतिपक्ष दुवै हुनुपर्छ। अधिकतम उपलब्धि हासिल गर्नेगरी अबको अधिवेशन केन्द्रित भएमा जनतामा संसद र सांसदहरूप्रतिको नकारात्मक सोच हटेर जानेछ।

संसदमा प्रतिपक्षीहरु सङ्गठित हुने र आफ्ना विचार राख्ने लोकतन्त्रमा स्वाभाविक प्रक्रिया हो। यसका बाबजुद पनि विधेयक निर्माणमा सहयोग तथा सहकार्य गर्ने नेपाली राजनीतिको स्वाभाविक र असल अभ्यास छ। विधेयकलाई निष्कर्षमा पुऱ्याउनेमा सबैको सहयोग, समन्वय हुनुपर्छ। अध्यादेशबाट जारी भएका विषय तोकिएको समयभित्र सदनबाट पारित गर्नुपर्छ। विचाराधीन विधेकयमाथिको प्रक्रिया तीव्र गतिमा अघि बढाएर काङ्ग्रेस र एमाले ठूला दल मिलेर बनेको सरकारको औचित्य सावित हुनेछ।

# स्वास्थ्यप्रति सचेत बन्दै आमाहरू

पोखरापत्र संवाददाता
बागलुङ, ८ माघ

यहाँको निसीखोला गाउँपालिका-२ कान्लेचौरका आमा समूहमा ३० देखि ३५ वर्ष उमेर समूहका आमाहरू आबद्ध छन्। उनीहरू गाउँमा बालविवाह न्यूनीकरण, महिलाको स्वास्थ्यलगायत विषयमा नियमित छलफल गर्छन्।

यस आमा समूहमा आबद्ध अधिकांशले १६ देखि १८ वर्षमा विवाह गरेका हुन्। बालविवाह गरेका उनीहरूले आगामी दिनमा अरूले बालविवाह नगरून् भनेर पनि मासिक रूपमा गाउँमा कसैको उमेर नपुगी विवाह भए/नभएको विषयमा छलफल गर्ने गरेको आमा समूहकी अध्यक्ष शोभा कुँवरले बताउनुभयो। "हाम्रो गाउँमा आमाहरूको स्वास्थ्य अवस्था कमजोर छ, अधिकांश बालविवाह गरेकाहरू छन्," कुँवरले भन्नुभयो, "अब कम्तीमा बालविवाह नहोस् भनी २० वर्षअघि गर्भवती नहुने सल्लाह दिने गरेका छौँ।" आमा समूहले नियमित गर्भ परीक्षणलाई प्राथमिकतामा राखेको छ। पूर्ण खोपयुक्त वडा बनाउन पहल गरेको छ। तर खोप क्लिनिक निसीखोला पारि भएकाले नजिकमा पुल नहुँदा सास्ती भएको गुनासो उनीहरूको छ।

समूहकी सदस्य भीमकुमारी खत्रीले भन्नुभयो, "खोप क्लिनिक टाढा भएको बहानामा कतिपयले खोप छुटाउने गरेका छन्।" वडा नं १ को खाडु भन्ने स्थानमा मात्रै यहाँको खोप क्लिनिक छ।

क्लिनिक खोला पारि हुँदा बर्सातको समयमा खोला तर्न नसकिने हुँदा आमाहरू गर्भ जाँच गर्न नजाने, जोखिम मोलेरै घरमा बस्ने गरेका छन्। क्लिनिक कान्लेचौरमा पनि स्थापना गर्नुपर्ने उनीहरूको माग छ।

# खेतीयोग्य जमिन संरक्षण गर्न खोला नियन्त्रण सुरु

पोखरापत्र संवाददाता
वालिङ, ८ माघ

जिल्लाको वालिङ नगरपालिका-८ स्थित ढाबखोला नियन्त्रणको काम सुरू भएको छ। खोलाले बर्सेनि खेतीयोग्य जमिन डुबाउने र कटानबाट सास्ती खेप्दै आएका यहाँका उपभोक्तालाई खोला नियन्त्रण योजना सुरू भएसँगै सहज हुने भएको हो।

गण्डकी प्रदेश सरकारको बहुवर्षीय योजनाअन्तर्गत चालु आर्थिक वर्षमा वालिङ-८ भीमटारीस्थित नेपाल आदर्श स्कुलबाट काफलडाँडा जाने सडकको कल्भर्टसम्म खोला नियन्त्रणको काम सुरू भएको हो। खोला नियन्त्रणका लागि चालु आवमा रू ८६ लाख ५२ हजार चार सय २९ लागत अनुमान रहेको जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख किरण आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार लागत अनुमानभन्दा झण्डै ३७ दशमलव सात प्रतिशत घटेर कूल रू ५४ लाख ४० हजार तीन सय सातमा ठेक्का सम्झौता भई काम अगाडि बढेको हो।

गत जेठमा लोकप्रिय निर्माण सेवा वालिङसँग सम्झौता भएको उक्त आयोजना आगामी जेठसम्म सम्पन्न हुनेछ। यस वर्ष तीन सय १० मिटर लम्बाइमा खोला नियन्त्रण गरिने प्रमुख आचार्यले बताउनुभयो।

हिउँदको समयमा खोलाले क्षति नपुऱ्याए पनि वर्षामा खेतीपातीमा क्षति पुऱ्याउने र जमिनसमेत कटान गर्दै आएको उपभोक्ता रन्नता बगालेले बताउनुभयो। "वर्षाको समयमा खोला खेतैखेत हिँड्दा लगाएको धान बगाएर लैजाने समस्या धेरै भयो", उहाँले भन्नुभयो, "कहिलेकाहीँ चैतमा लगाएको धान पाकेर थन्क्याउन नपाउँदै, कहिले वर्षायाममा धान रोपेपछि खोलाले कैयौँ पटक रोपो बगाएर लगेको छ।" खोला नियन्त्रणको काम सुरू भएपछि अहिलेसम्म पाएको सास्ती हटेर जाने उहाँले विश्वास व्यक्त गर्नुभयो।

खोलाको दायाँबायाँको जमिन चैते र वर्षे धान उत्पादनका लागि उपयुक्त मानिन्छ। पछिल्ला वर्षमा खोला पसेर लगाएको धानबालीमा क्षति पुऱ्याउन थालेपछि कतिपय किसानले खेती गर्नै छाडेर जमिन बाँझो राख्दै आएका छन्। खोला नियन्त्रणको काम सम्पन्न भएपछि बाँझै रहेका जमिनमा पुनःखेती लगाउन सकिने स्थानीय बताउँछन्।

# मुढा बुनेर आम्दानी गर्दै कैदीबन्दी

पोखरापत्र संवाददाता
दमौली, ८ माघ

तनहुँ कारागारमा रहेका कैदीबन्दीले मुढा बिक्री गरेर आम्दानी गरेका छन्। विभिन्न अपराधमा जेल सजाय भोगिरहेका कैदीबन्दीले मुढा बिक्री गरेर आम्दानी लिन थालेका हुन्।

कारागारमा रहेका तीन सयभन्दा बढी कैदीबन्दीमध्ये करिब एक सयले मुढा बुन्दै आएको कारागार प्रमुख नारायण अधिकारीले जानकारी दिनुभयो। कारागारमा उत्पादित मुढा दमौलीबजारमै बिक्री भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कैदीबन्दीहरूले मुढा बुनेर आम्दानी गरिरहेका छन्, यहाँ उत्पादित मुढाको माग दमौली बजारमै छ, एउटा गाडीमा राखेर मुढा बिक्री वितरणको व्यवस्था मिलाइएको छ।"

कैदीबन्दीले उत्पादन गरेका मुढा न्यूनतम रु तीन सय ७५ देखि रु एक हजारसम्म बिक्री हुने गरेको छ। एक जना कैदीबन्दीले मुढा बुनेर रु चार हजारदेखि रु पाँच हजारसम्म आम्दानी गरेको अधिकारीको भनाइ छ। अधिकारीका अनुसार कैदीबन्दीले मुढा बनाउने, टायल राख्ने, बिट मार्नेलगायत काम गर्ने गरेका छन्। उहाँले भन्नुभयो, "विभिन्न अपराधमा जेल सजाय भोगिरहेका कैदीबन्दीलाई आयआर्जनतर्फ जोड्न प्रेरित गरिरहेका छौँ, कैदीबन्दीले मुढा बिक्री गरेर घरमा खर्च पठाउने गरेका छन्।" एउटा मुढा तयार गर्नका लागि दुई/तीन दिन लाग्छ। मुढा उठाउने, टायर राख्ने, बुन्ने, बिट मार्ने र बुट्टा भर्ने काम फरक-फरक व्यक्तिले गर्ने गरेका छन्। अधिकारीले कैदीबन्दीलाई मागअनुसारको सीप प्रदान गर्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "कारागारमा यत्तिकै दिन बिताउनुभन्दा केही न केही सीप हासिल गरेर आम्दानीनतर्फ जोड्ने प्रयासमा छौँ।"

# पालिकास्तरीय भलिबलको उपाधि बेनी र अन्नपूर्णलाई

पोखरापत्र संवाददाता
म्याग्दी, ८ माघ

एक लाख ५१ हजार पुरस्कार राशिको पालिकास्तरीय पुरुष भलिबलको उपाधि म्याग्दीको बेनी नगरपालिकाले जितेको छ। महिलातर्फ अन्नपूर्ण गाउँपालिका विजयी भएको छ।

बेनीमा मंगलबार भएको फाइनलमा मालिका गाउँपालिकालाई एकका विरूद्ध तीन सेटले पछि पार्दै बेनी विजयी भएको हो। म्याग्दी उद्योग वाणिज्य सङ्घ, खेलकुद विकास समिति म्याग्दी र जिल्ला भलिबल सङ्घ म्याग्दीको आयोजनामा माघ ३ गतेदेखि प्रतियोगिता सुरू भएको थियो।

बेनीले पहिलो, दोस्रो र चौथो सेट २५-१७, ३०-२८,२५-१६ र मालिकाले तेस्रो सेट २५-१६ को अन्तरमा जितेको थियो। खुला महिला भलिबलमा मङ्गला गाउँपालिका-२ को मालिका युवा क्लब सहश्रधारालाई एकका विरूद्ध तीन सेटले पराजित गर्दै अन्नपूर्ण विजयी भएको जिल्ला भलिबल सङ्घ म्याग्दीका अध्यक्ष तेजेन्द्र बानियाँले जानकारी दिनुभयो।

पहिलो, तेस्रो र चौथो सेट २५-२२, २५-२० र २५-१६ को अन्तरमा जितेको अन्नपूर्ण दोस्रो सेटमा २५-२२ को अन्तरमा पराजित भएको थियो। पुरुषतर्फ विजेता र उपविजेतालाई ट्रफी, मेडल र प्रमाणपत्र सहित नगद रू एक लाख ५१ हजार एक सय र रू ७५ हजार एक सय प्राप्त गरेका छन्। सेमिफाइनलबाट बाहिरिएका टिमले रू २१ हजार एक सय पाएका छन्। महिला भलिबलको विजेता र उपविजेतालाई ट्रफी, मेडल र प्रमाणपत्रसहित रू ७५ हजार एक सय र रू ४० हजार एक सय पुरस्कार पाएका प्रतियोगिता संयोजक तारानाथ रेग्मीले बताउनुभयो। पुरुषतर्फ सात र महिलातर्फ छवटा टिमले सहभागिता जनाएका थिए।

पुरुषतर्फ बेनीका सञ्जोक थापा र महिलातर्फ अन्नपूर्णकी सजिना बुढाथोकीले उत्कृष्ट खेलाडीको उपाधि पाउनुभयो। म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठ, महासचिव नारायण जिसी, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष दिनेश केसीलगायतले पुरस्कार वितरण गर्नुभएको थियो। आठौँ म्याग्दी महोत्सवअन्तर्गत पुरूष, महिला भलिबल प्रतियोगिता र यु-२० वडास्तरीय पुरुष बास्केटबल प्रतियोगिता आयोजना गरिएको थियो। बास्केटबलमा बेनी नगरपालिका-१० पाल्तेखेत विजेता र अन्नपूर्ण गाउँपालिका-१ दोवा उपविजेता भएका छन्। विजेता र उपविजेतालाई मेडल, ट्रफी र प्रमाणपत्रसहित क्रमशः रू ५५ हजार एक सय र रू ३१ हजार एक सय पुरस्कार प्राप्त गरेका छन्।

# देवघाट जाने झोलुङ्गो पुल मर्मत सुरु

पोखरापत्र संवाददाता
दमौली, ८ माघ

जिल्लाको प्रसिद्ध धार्मिकस्थल देवघाट जाने झोलुङ्गे पुल मर्मत सुरु गरिएको छ। चितवनको भरतपुरबाट देवघाट जाने त्रिशुली नदीमाथिको झोलुङ्गे पुल मर्मत थालिएको हो।

तनहुँको देवघाट गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-१ जोड्ने उक्त पुलमा निर्माण अवधिभर बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म मोटरसाइकल सञ्चालनमा रोक लगाइएको देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालले जानकारी दिनुभयो। मोटरसाइकल आवागमन रोक लगाएर पुल मर्मत भइरहेको उहाँले बताउनुभयो। समितिले आफ्नो भौगोलिक कार्यक्षेत्रभित्र पर्ने त्रिशूली नदीमाथिको उक्त झोलुङ्गे पुल जीर्ण भएकाले 'सस्पेन्सन बृज' डिभिजन कार्यालय पुल्चोक, ललितपुरबाट खटिएका प्राविधिकको टोलीले मर्मत गरिरहेको जनाउँदै मर्मतमा सहकार्य र समन्वय गर्न सर्वसाधारणलाई आग्रह गरिएको बरालले उल्लेख गर्नुभयो।

स्थानीयवासी, भक्तजन तथा अन्य सर्वसाधारणलाई सहज र सुरक्षित आवागमनको व्यवस्था मिलाउन पुल मर्मतमा आवश्यक सहयोग गर्न समितिले अनुरोध गरेको निर्देशक बरालले बताउनुभयो। पुल मर्मत पूरा नहुँदासम्म उक्त अवधिभर मोटरसाइकल सञ्चालनमा रोक लगाइएको उहाँले उल्लेख गर्नुभयो। पुल मर्मतका लागि प्राविधिक र मजदूर गरी छ जना खटिएका छन्। विसं २०३७ मा निर्मित उक्त झोलुङ्गे पुल जीर्ण भएपछि प्रत्येक वर्ष मर्मत गर्दै आइएको देवघाट क्षेत्र विकास समितिले जनाएको छ। दैनिक हजारौं आवतजावत गर्ने उक्त पुलको केही दिन अघि पत्ताको केही भाग उप्किएर बाँसको कप्टेरो राख्नु परेको थियो। झोलुङ्गे पुल हुँदै सामान्य दिनमा स्थानीय तथा बाहिरबाट आउने भक्तजनसहित दैनिक छ हजारभन्दा बढी आवतजावत गर्ने गरेको निर्देशक बरालले जानकारी दिनुभयो। विकास समितिका पूर्वअध्यक्ष शिवराज पौडेलले देवघाट आउनका लागि हाल ठिमुराको पुल, दासढुङ्गाको मोटरेबल पुल, नवलपुर जोड्ने हर्दी पुल र जुगेडीको झोलुङ्गे पुल रहेपनि देवघाट आउनेमध्ये करिब ९५ प्रतिशतले सोही पुल प्रयोग गर्ने गरेको जानकारी दिनुभयो। देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले पुल मर्मत गर्न माग गर्दै केही दिन अगाडी सस्पेन्सन बृज डिभिजन कार्यालयमा ज्ञापनपत्र बुझाइएको बताउनुभयो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक समवेदना



जन्म : १९९७ फागुन

स्वर्गारोहण : २०८१ पौष २६ गते

**स्व. जौमाया मल्ल**

यस भद्रकाली परोपकार सिः गुठी परिवारका सदस्य शंकर मल्लकी ममतामयी आमा **जौमाया मल्ल**को ८४ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**दीर्घनारायण श्रेष्ठ**
**अध्यक्ष तथा**
**भद्रकाली परोपकार सिः गुठी परिवार**
**पोखरा-१३**

# आम्दानीको स्रोत बन्दै लप्सी

**हरिप्रसाद बास्तोला**
लमजुङ, ८ माघ/रासस



उहिलेदेखि भन्दै आइएको ‘हरियो वन नेपालको धन’ भनाइलाई यहाँको एक सामुदायिक वनका उपभोक्ताले थप चरितार्थ गरेका छन् । कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका-३ लक्ष्मी देउरालीस्थित वनपाले सामुदायिक वन समूहले लप्सीबाट अतिरिक्त आम्दानी गर्दै हरियो वन नेपालको धन नै भएको पुष्टि गरेको हो ।

सामुदायिक वन क्षेत्रबाट काठ, घाँस दाउरा, जडीबुटीजस्ता वनजन्य वस्तु मात्र होइन, लप्सी फलको सदुपयोग गर्दै उत्पादन गरेका विभिन्न परिकारको बिक्रीबाट राम्रो आम्दानीको स्रोत बनाउन सकिन्छ भन्ने सो सामुदायिक वन यतिखेर सबैका लागि उदाहरणीय बनेको छ । वन र आसपास क्षेत्रमा उत्पादित लप्सीको फलबाट प्रशोधन गरी अचार, माडा, अमिलो र गुलियो स्वादको क्यान्डी तथा पाउडर निर्माण गरी बजारमा बिक्री गरेर वार्षिक डेढ लाखभन्दा बढी आम्दानी गर्दै आएको वनपाले सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष टीकाराम पौडेलले जानकारी दिनुभयो ।

उपभोक्ताको सक्रियतामा करिब चार दशकअघि २०४२ सालमा तत्कालीन जिल्ला वन कार्यालयको आर्थिक सहयोगमा दुई सय लप्सीका बिरुवा रोपिएको बताउँदै उहाँले भन्नुभयो, “फल दिन थालेसँगै लप्सीका दाना बिक्री गरेको भए पनि समूहले १० वर्षदेखि विभिन्न परिकार उत्पादन गरी बिक्री गर्दै आएको छ ।” अध्यक्ष पौडेलका अनुसार उत्पादित लप्सीका परिकार बिक्री हुँदैन कि भन्नु पर्दैन समूहको कार्यालयबाटै बिक्री हुन्छ, रोजगारीका सिलसिलामा विदेशमा रहेका अधिकांश नेपाली पुगेका मुलुकमा वनपाले सामुदायिक वनको लप्सीको अचार कोसेली बनेर पुग्ने गरेको छ । सामुदायिक वन उपभोक्ता महासङ्घ कास्की हरियो वन कार्यक्रमको सहयोगमा सीप, ज्ञान र प्रविधिको सहयोग लिँदै लप्सीका विभिन्न चार प्रकारका वस्तु बनाउन सुरु गरिएको बताउँदै उहाँले भन्नुभयो, “खानामा दाल, भात, तरकारीको स्वाद अचार बिना पनि अपूरो जस्तै हुने हुँदा नेपाली समाजमा अचारको महत्व बढ्दै गएको छ ।”

पुसदेखि फागुन महिनाभित्र लप्सी टिपिसक्नु पर्दछ र त्यसपछि समूहको भवनमा ल्याएको फलको प्रशोधनका लागि तीन चरणसम्म पानीले पखालेर बोक्रामा लागेको कालो दुसी पखालिन्छ । सफा भएको लप्सी पकाउने र दाना फुटिसकेपछि बियाँ, बोक्रा र गुदी छुट्याइन्छ । बियाँ र गुदीमा तेल, मेथी, ज्वानो, बेसार, हिङ, जिम्मु, मुसेलोलगायत विभिन्न पदार्थसहित आवश्यकताअनुसारको नुन, चिनी मोलेर बट्टामा राखिन्छ । यसरी खान तयार गरिएको लप्सीको अचार स्वादका साथै मानवीय स्वास्थ्यका लागिसमेत बहुउपयोगी हुने समूहको दाबी छ । यस वर्ष लप्सी टिप्नदेखि अचारलगायत परिकार बनाउन समूहका एक सय १४ जना उपभोक्ता सहभागी बनेका थिए । आम्दानी भएको रकम खर्च कटाएर केही समूहको खाता र बाँकी लप्सीका परिकार उत्पादनमा सहभागी उपभोक्तालाई दामासाहीले वितरण गर्दै आएको उहाँको भनाइ छ । गत जेठ महिनामा परेको असिनाले जङ्गलमा फलेको लप्सीको फल सबै झरेर नष्ट गरेपछि यस वर्ष वनमा लप्सी खासै उत्पादन नभएपछि निजी जग्गाका बोटबाटै प्रतिकेजी रु ५० का दरले खरिद गरेको वन उपभोक्ता समूहका कोषाध्यक्ष चुडामणि पौडेल बताउनुहुन्छ ।

जिल्ला घरेलु उद्योग कार्यालयमा लप्सी अचार उद्योग दर्ता गरिएको छ । “यस वर्ष पाँच सय ५५ केजी लप्सी फल खरिद गरिकामा दुई सय ९४ केजी अचार, साढे ४७ केजी क्यान्डी र १९ केजी लप्सीको बोक्राको धुलो उत्पादन भइसकेको छ,” उहाँले भन्नुभयो, “अचार प्रतिकेजी तीन सय ५०, क्यान्डी चार सय र धुलो चार सय ५० रुपैयाँमा बिक्री गर्दै आएका छौँ, यस वर्ष डेढ लाख आम्दानी गर्ने लक्ष्य छ ।” प्रत्येक वर्ष फलबाट राम्रो आम्दानी गर्न सकिने, दाउरा र काठका रूपमा समेत प्रयोग गर्न सकिने बहुपयोगी लप्सी बाँदरले पनि खासै क्षति नपुऱ्याउने भएकाले किसानहरू यसतर्फ आकर्षित भएका हुन् । फल टिपेको एक हप्तामा प्रशोधन गर्नु राम्रो हुन्छ । उत्पादित वस्तु एक वर्षसम्म प्रयोग गर्न सकिन्छ । विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) हरियो वन कार्यालयको सहयोगमा पाँच वर्षअघि यस क्षेत्रमा रोपिएका तीन हजार लप्सीका बिरुवा फल दिने अवस्थामा पुगेका छन् । उन्नत जातका बिरुवाको फल टिप्न सहज हुनाका साथै अचार बिक्रीबाट मात्र वार्षिक १० लाखभन्दा बढी आम्दानी हुने समूहको विश्वास छ ।

नेपाल सरकार र विभिन्न सङ्घसंस्थाको लाखौँ रुपैयाँको आर्थिक सहयोगमा लप्सीका परिकार बनाउन आवश्यक भौतिक संरचनासहित प्रशोधनका आधुनिक उपकरणले समूह सम्पन्न भएको बताउँदै कोषाध्यक्ष पौडेलले भन्नुभयो, “यस वर्ष डिभिजन वन कार्यालय कास्कीबाट सामग्री खरिद शीर्षकमा तीन लाख रुपैयाँ बजेट विनियोजन भएको छ । यस रकमबाट लप्सी बोक्रा सुकाउने सोलार प्यानल थप गर्ने योजना छ ।” विभिन्न जिल्लाबाट वनपाले सामुदायिक वनको अध्ययन अवलोकन गर्न आउने गरेका छन् । एउटा समूहलाई प्रवेश शुल्कका रूपमा रु एक हजार लिने गरेको छ । यस आवमा समूहले नौ हजार आम्दानी भएको बताउँदै उहाँले तराईबाट आउने वन समूहका उपभोक्ताले लप्सीको परिकार बढी मन पराउने हुँदा बिक्री राम्रै हुन्छ । उत्पादन सामग्री एक र आधा केजीको प्याकिङ गरिएको छ । समूहले आम्दानीबाट चार लाखभन्दा बढी रुपैयाँको घुम्ती कोष स्थापना गरी विपन्न वर्गका उपभोक्तालाई आयआर्जनसँग जोड्ने मुख्य लक्ष्यका साथ बाख्रापालन, बेमौसमी तरकारीखेती, कुखुरापालन, बङ्गुरपालन तथा व्यापार व्यवसायमा समेत सहयोग पुऱ्याउँदै आएको छ । घुम्तीकोषको रकममा समेत निरन्तर वृद्धि भएको छ । समूहका सदस्य मुक्तिराम पौडेलका अनुसार शीतभण्डार हुने हो भने बाह्रै महिना लप्सीको अचार उत्पादन गरेर बजारमा पठाउन सकिनेछ । यस क्षेत्रमा उत्पादन हुने लप्सीबाट विभिन्न वस्तु निर्माण गरी हरित रोजगारीको अवसर सिर्जनामा समेत सहयोग पुग्नेछ । देशका विभिन्न २९ पहाडी जिल्लामा लप्सी पाइन्छ । लप्सी काठ, दाउरा, घाँस र फलका लागि पनि उपयोगी वनस्पति हो । औषधीय गुणले भरिएको यसमा स्वस्थ शरीरका लागि आवश्यक २१ भन्दा बढी तत्व पाइने चिकित्सकको भनाइ छ । लप्सीमा भिटामिन र खनिज पर्याप्त पाइने र यसले मानिसको हड्डी बलियो बनाउने उनीहरू बताउँछन् ।

प्रचुर सम्भावनाको खानी प्राकृतिक स्रोतको उपयोग गर्ने वातावरण सरकारी तवरबाट बनाउन नसक्दा खर्बौंको वन पैदावार कुहिएर र डढेर नष्ट हुने गरेको सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालीदास सुवेदी बताउनुहुन्छ । वनमा आधारित उद्योगबाटै मुलुकको समृद्धि सम्भावना रहेको बताउँदै उहाँले यसबाट स्वरोजगार सिर्जना हुनाका साथै विदेशी काठ र काठजन्य सामग्री आयातलाई विस्थापित गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । समूहगत यस्ता उद्यमलाई आत्मनिर्भर बनाउने सरकारीस्तरबाट नीतिगत र आर्थिक सहयोगको खाँचो रहेको उहाँको भनाइ छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ कास्की हरियो वन कार्यक्रमले लप्सीको बोक्रा सुकाउने सोलार, लेभलिङ मेसिन, लप्सी टिप्ने औजारलगायत नगदसमेत सहयोग गरेको थियो । वन डढेलो न्यूनीकरणका लागिसमेत समूहले सचेतीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ । विदेशमा लप्सीको अचारको माग बढ्न थालेपछि यसको खेती नेपालका लागि आर्थिक रूपमा बहुपयोगी बन्ने विश्वास लिइएको छ । वनको संरक्षण प्रवर्द्धन एवं विकासका दृष्टिले उत्कृष्ट बनेको यस वन समूहले नेपाल सरकारबाट गणेशमान सिंह वन वातावरण राष्ट्रिय पुरस्कार र जिल्लामा सर्वोत्कृष्ट भई सम्मानित भइसकेको छ ।

पोखरा-बागलुङ राजमार्गमा पर्ने सो सामुदायिक वनमा कटुस, चिलाउने, तिजुजस्ता कुकाठको झाडी रहेको छ । कास्कीको उत्तर-पश्चिमस्थित लगभग एक हजार पाँच सय मिटरको उचाइमा अवस्थित १६ हेक्टर क्षेत्रफलमा फैलिएको सो सामुदायिक वन उपभोक्ता समूहमा एक सय ६९ घरपरिवार आबद्ध छन् । संरक्षण, प्रवर्द्धनमा महत्वपूर्ण योगदान गरेका उपभोक्ताका लागि वन पैदावारमा आधारित उद्योग स्थापना गरी सञ्चालनमा तीने तहका सरकारले सहयोग गर्ने हो भने रोजगार सिर्जनासँगै मुलुकको समृद्धिको आधार बन्नसक्ने यस क्षेत्रका विज्ञको सामूहिक धारणा रहेको छ ।

# कालिका माविको वार्षिकोत्सवमा ३ जनालाई वर्ष सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ



पोखरा महानगरपालिका, वडा नम्बर ३३, आँपुभन्ज्याङस्थित कालिका माध्यमिक विद्यालयको ४२ औँ वार्षिकोत्सव तथा अभिभावक दिवस सोमवार सम्पन्न भएको छ ।

सो अवसरमा विद्यालयको हितका लागि भूमिका खेलेको भन्दै निवर्तमान प्रधानाध्यापक प्रेमप्रसाद पोखरेल, समाजसेवी धनबहादुर विश्वकर्मा र शिक्षिका सृजना महतलाई कालिका वर्ष सम्मान २०८१ प्रदान गरिएको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गङ्गाबहादुर पुनको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सभाका सांसद भीम कार्कीले शिक्षा सुधारका लागि सबै पक्ष लाग्नुपर्नेमा जोड दिए । उनले आजका विद्यार्थीलाई माटो चिनाउन सकियो भने संसारका जुनसुकै कुनामा पुगे पनि देशलाई सम्झन सक्ने भनाइ राखे । प्रविधियुक्त शिक्षा दिनु आजको आवश्यकता भएकाले राष्ट्रिय शिक्षा नीतिमै त्यसको व्यवस्थापन हुनुपर्नेमा उनको जोड थियो । ‘२०२८ को शिक्षा ऐनले आजको शिक्षालाई अघि बढाउन सक्दैन’, कार्कीले भने, ‘आज निजी तथा सामुदायिक विद्यालयलाई कसरी सञ्चालन गर्ने भन्ने कुरा स्पष्ट हुने तरिकाले शिक्षा ऐन आउनुपर्छ ।’ प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षले विद्यालय कसरी सञ्चालन गर्ने भन्ने चिन्ता गर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने कार्कीको विचार थियो । उनले विश्वमा प्रतिस्पर्धा गर्ने शिक्षाको कुरा गरिरहँदा नैतिक र सामाजिक शिक्षा भुल्न नहुने बताए । आफ्नो देशको माया गर्ने जनशक्ति उत्पादन गर्नुपर्ने आजको चुनौती भएको भन्दै कार्कीले नेपाली संस्कार र संस्कृतिप्रति प्रेम जगाउनुपर्ने धारणा राखे । विद्यालयका प्रधानाध्यापक रुपिन्द्र प्रभावीले प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयले क्रमशः प्रविधिमैत्री सिकाइलाई अघि बढाइएको बताए । उनले आगामी दिनमा विद्यालयलाई पाठ्यपुस्तकको पढाइ मात्र नभई विद्यार्थीको चौतर्फी प्रतिभा प्रस्फुटन गर्ने गरी शैक्षिक क्रियाकलाप सञ्चालन गरिने योजना सुनाए । कार्यक्रममा वडा नम्बर ३३ का वडा सदस्य विनोद भण्डारी, तिक्लाङ टोल विकास संस्थाका अध्यक्ष खिमबहादुर खत्री, शिक्षक अभिभावक सङ्घका सदस्य लोकनाथ पौडेल, पूर्व विद्यार्थी मञ्चका अध्यक्ष यदुराज आचार्य, सचिव दधिराम पौडेल, निवर्तमान प्रधानाध्यापक प्रेमप्रसाद पोखरेल, समाजसेवी मोहन प्रधान, टुकराज भण्डारीलगायतले शुभकामनादिएका थिए । कार्यक्रममा शैक्षिक तथा खेलकुदका क्षेत्रमा उत्कृष्ट भएका विद्यार्थीहरूलाई पुरस्कार प्रदान गरिएको थियो । सो अवसरमा विद्यालयद्वारा स्थापित अक्षयकोषका लागि फूलमाया श्रेष्ठ र हरिकुमार श्रेष्ठले २५ हजार ५५५ रुपियाँ, देवेन्द्र गुरुङले १० हजार रुपियाँ, होमबहादुर श्रेष्ठ र लक्ष्मी श्रेष्ठले २५ हजार रुपियाँ र सन्तोष भुजेलले १० हजार रुपियाँ प्रदान गरेका थिए । उनीहरूलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गङ्गाबहादुर पुनले सम्मान गरे ।सहायक प्रधानाध्यापक बालकुमारी थापाको सञ्चालनमा भएको कार्यक्रममा विद्यार्थी कृतिका केसीले स्वागत गरेकी थिइन् । सो अवसरमा विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रमसमेत प्रस्तुत गरेका थिए । विद्यालयमा हाल कक्षा १० सम्म पढाइ हुँदै आएको छ ।

# बिक्न छाडे ठेका र मदानी

**पोखरापत्र संवाददाता**
बेनी, ८ माघ



सदरमुकाम बेनीमा ठेका र मदानी बिक्री गर्न आउनुभएका टीका चुदारा निराश बन्नुभएको छ । बेनीमा जारी आठौँ म्याग्दी महोत्सवमा मेला भर्न आउने दर्शकलाई लक्षित गरेर माघ सुरुदेखि नै बागलुङबाट ठेका र मदानी लिएर म्याग्दी आउनुभएका उहाँले सोचेअनुरुप सामान बिक्री गर्न सक्नुभएको छैन ।

गाउँबाट मेलामा आउने सर्वसाधारणमध्ये निकै थोरैले मात्र ठेका र मदानी खरिद गरेको चुदाराले बताउनुभयो । “केही वर्ष अघिसम्म ठेका र मदानीको माग पुऱ्याउने कठिन हुने गर्थ्यो, मेलामा ल्याएका सामान केही दिनमै सकिन्थ्यो, अहिले बेनीमा आएको एक साता भइसक्यो, ठेका र मदानीको बिक्री उत्तिधेरै भएको छैन”, उहाँले भन्नुभयो । गाउँमा गाईभैँसी पाल्नेहरू घट्दै गएको, सिल्टे र प्लाष्टिकका ठेका तथा विद्युतीय मदानीको प्रयोग गर्ने प्रचलनले ठेका र मदानी बनाउने सीप र पेसा सङ्कटमा पर्न थालेको छ । काठको ठेकामा गाईभैँसीको दूध, दही र मोही सङ्कलन गरिन्छ भने ठेकीलाई दूध दुहुन प्रयोग गरिन्छ । पछिल्लो समय काठका ठेकाको विकल्पमा धातुबाट बनेका ठेका बजारमा आउन थालेपछि परम्परागत सीप र काठको उपयोग गरी ठेका बनाउने पेसा अँगालेका समुदायलाई समस्या भएको छ । गिठादार काठबाट परम्परागत सीप र औजारको प्रयोग गरेर बनाउने ठेकालाई रु तीन हजारदेखि रु १५ हजारसम्म मूल्य पर्ने गर्छ । बागलुङ नगरपालिका-१२ अमलाचौर बलेवामा घरेलु उद्योगबाट चुदाराले ठेका, मदानी, ठेकी, पुड, पुचाईसँगै सजावटका लागि साना ठेकीका सामान बनाउँदै आउनुभएको छ । अहिले ६० वर्ष पुग्नुभएका चुदाराले आफूले २० वर्षको उमेरदेखि नै व्यावसायिक रूपमा ठेका बनाउन थालेको बताउनुभयो । “बाउबाजेले गरेको पेसालाई मैले पनि निरन्तरता दिएको हुँ, तर मौलिक सीपलाई प्रयोग गरेर ठेका बनाउने पेसालाई सरकारी तवरबाट कुनै सहयोग भएको छैन, गाउँमा अधिकांशले यो पेसा छाडिसकेका छन्, मेरा छोराहरूले पनि अन्य पेसा र रोजगारी गर्न थालेका छन्, हामी पछि गाउँमा यसरी ठेका बनाउने मानिस भेटिदैन”, चुदाराले भन्नुभयो । चुदाराले म्याग्दीमा २०५० को दशकमा लाग्ने तत्कालीन माघेसङ्क्रान्ति मेला तथा २०६० सालपछि लाग्दै आएको म्याग्दी महोत्सवमा काठबाट बनेका ठेकाठेकीका सामान बिक्री गर्न आउने गर्नुभएको छ ।

# लमजुङमा मह बिक्रीबाट १८ करोड आम्दानी

**रासस**
लमजुङ, ८ माघ

पहाडी जिल्ला लमजुङमा मह उत्पादन बढेको छ । गत वर्षको तुलनामा यस वर्ष २९ दशमलव छ टनले मह वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कार्यालयका सूचना अधिकारी सरोज थापाका अनुसार यस वर्ष १७ हजार एक सय ९७ वटा मौरीका घारबाट एक सय २९ दशमलव १७ टन मह उत्पादन भएको छ ।

जिल्लामा किसानले यस वर्ष रु एक हजार पाँच सयका दरले बिक्री गरेको बताएका छन् । जिल्लामा किसानले यस वर्ष मह बिक्रीबाट रु १८ करोड आम्दानी गरेको उहाँको भनाइ छ । यस्तै, गत वर्ष १३ हजार आठ सय ५० मौरीका घारबाट एक सय ११ दशमलव तीन टन मह उत्पादन भएको थियो । गत वर्ष प्रतिकिलो मह रु नौ सयदेखि एक हजारसम्ममा बिक्री भएको थियोभने मह बिक्रीबाट रु नौ करोडभन्दा बढी आम्दानी गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

विसं २०७९ मा १० हजार २५ मौरीका घारबाट ३२ टनमात्र मह उत्पादन भएको थियो । विसं २०७८ मा ११ हजार पाँच सय मौरीका घारबाट ३० टन मह उत्पादन भएको थियो ।

यस्तै २०७७ सालमा ११ हजार सयवटा मौरीका घारबाट ३८ टन मह उत्पादन भएको थियो । केन्द्रका अनुसार २०७६ सालमा नौ हजार पाँच सय मौरी घारबाट ३४ टन तथा २०७५ सालमा पाँच हजार नौ सय मौरीका घारबाट ३२ टन मह उत्पादन भएको थियो ।

जिल्लामा यस वर्ष सबैभन्दा बढी सुन्दरबजार नगरपालिकामा मह उत्पादन भएको छ । यहाँ चार हजार पाँच सय घारबाट ३६ हजार केजी उत्पादन गरेको र यसबाट रु पाँच करोड ४० लाख आम्दानी भएको सूचना अधिकारी थापाले बताउनुभयो । जिल्लामा उत्पादित मह काठमाडौँ, पोखरा, चितवनलगायत बजारमा खपत हुँदै आएको छ । जिल्लाका किसानले आधुनिक मौरी घार र प्रविधिको प्रयोगबाट मह उत्पादन गर्न थालेका छन् । नेपाल मौरीपालक महासङ्घ जिल्ला शाखाका अनुसार लमजुङको सबैभन्दा बढी उत्पादन हुने सुन्दरबजार नगरपालिका र मर्स्याङ्दी गाउँपालिका छन् । शाखामा जिल्लाका तीन सय ८२ जनाभन्दा बढी मौरीपालक किसान आबद्ध छन् ।

पछिल्लो समयमा जिल्लामा मह उत्पादन बढ्दै गएको कृषि ज्ञान केन्द्रका प्रमुख सुदीप खतिवडाले बताउनुभयो, उत्पादन बढ्नुका कारण पहिला सौखले मौरीपालन गरिन्थ्यो भने अहिले बुझेर मौरीपालन गर्न थालेका छन् । पहिला मौरीपालनसम्बन्धी नबुझी गरेको र अहिले विभिन्न निकायले यससम्बन्धी तालिम प्रदान गरेकाले, मौरी चरन क्षेत्र राम्रो तथा पर्याप्त, हावापानी राम्रो, आधुनिक घारको प्रयोगलगायत कारणले मह उत्पादन बढ्दै गएको उहाँको भनाइ छ ।

जिल्लामा शेरना प्रजाति मौरीको मह उत्पादन गर्ने गरेको र यसले प्रतिघार पाँचदेखि १० केजीसम्म मह उत्पादन गर्ने कृषि ज्ञान केन्द्र प्रमुख खतिवडाले बताउनुभयो । कार्यालयले यस वर्ष एक सय २५ वटा मौरीका घार किसानलाई अनुदानमा वितरण गरेको थियो । कार्यालयबाट मौरीपालनलगायत कृषि क्षेत्रका किसानका लागि विभिन्न शीर्षकमा बर्सेनि रु साढे तीन करोड खर्च गर्दै आएको केन्द्रले जनाएको छ ।

# चार भाई व्याडमिन्टन कपको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

पाचौं चार भाई व्याडमिन्टन कप २०८१ को तयारी पुरा भएको छ । चार भाई युवा क्लवको आयोजनामा ताल्लेकोट तमु समाज नयाँगाउँको हलमा हुने प्रतियोगिता यही माघ ११ र १२ गते हुदैछ ।

कपका लागि गण्डकी प्रदेश र अन्य प्रदेशका विभिन्न जिल्लाबाट प्रतियोगी सहभागी हुनेछन । प्रतियोगिता अर्न्तगत मेन्स डवल्स बि लेवल, मेन्स डवल्स सी लेभल र गण्डकी प्रदेश स्तरीय खुल्ला मिक्स डवल गरी तीनवटा ईभेन्टस हुने खेल संयोजक विष्णु गुरुङले जानकारी दिए । जसअर्न्तगत बी लेभल विजेताले ४५ हजार, उपविजेताले ३० हजार र तृतीय हुने दुई टीमले समान ८/८ हजार प्राप्त गर्नेछन । त्यसैगरी मेन्स डवल्स सी लेवल विजेतालै प्रथम पुरस्कार स्वरुप रु ४० हजार दोश्रो हुनेले २५,००० र तेश्रो हुने समुहले रु ७/७ हजार प्राप्त गर्नेछन । गण्डकी प्रदेश स्तरीय खुल्ला मिक्स डवल्स खुल्ला तर्फ प्रथम हुने टीमले रु २५, हजार द्धीतिय हुने टीमले रु १५, हजार र तृतीय हुने टीमले समान ६,६ हजार प्राप्त गर्ने अध्यक्ष सुरेश गुरुङले जानकारी दिनुभयो । यस प्रतियोगीतामा छिमेकी जिल्लाहरु धादिङ, चितवन, पाल्पा, गुल्मी लगायतका जिल्लाहरुका खेलाडीहरुलाई पनि सहभागी गराउने आयोजकले बताएको छ । गत वर्षको संस्करणमा १५० भन्दा बढी टीम सहभागी भएकाले यस वर्ष पनि सो भन्दा बढी सहभागी हुने आयोजकले जनाएको छ । टीम दर्ता माघ १० गते साँझ ५.३० सम्म मात्र गर्ने सकिने चार भाई युवा क्लवका सदस्य बम गुरुङले जानकारी दिए । प्रतियोगिताबाट बचत रकम अनाथ, असाहाय, वालगृह मा सहयोग प्रदान गरीने क्लवले जनाएको छ ।